RR Interdisciplinary Journal
Vol. 5, No. 5, 138-145, December, 2024 (2081 Mangsir)
https://doi.org/10.3126/rrij.v5i5.78937

# पारदर्शी मान्छे कथासङ्ग्रहका कथामा व्यङ्ग्य चेतना

**डा. हरिप्रसाद सिलवाल**[1]

**लेखसार**

*'पारदर्शी मान्छे कथा सङ्ग्रहका कथामा व्यङ्ग्य चेतना' शीर्षकको प्रस्तुत आलेख कथाकार मनु ब्राजाकीका कथामा पाइने व्यङ्ग्य चेतनामा आधारित छ । व्यङ्ग्य चेतना साहित्यको मूल अभिलक्षण हो । यसलाई पूर्वीय साहित्यशास्त्रमा व्यञ्जना शक्तिको रुपमा चिनाइएको छ । गलत क्रियाकलापको कलात्मक शिल्प संरचनामा व्यङ्ग्य प्रहार गर्नु व्यङ्ग्य चेतना हो । यसमा मनु ब्राजाकीको विवेच्य कृति पारदर्शी मान्छेलाई प्राथमिक सामग्री र यससम्बद्ध अरू सामग्रीलाई द्वितीयक सामग्रीको रूपमा पुस्तकालयकार्य तथा स्रोतबाट सङ्कलन गरी उपयोग गरिएको छ । पारदर्शी मान्छे शीर्षकको कथा कृतिमा के कस्ता राजनीतिक, सामाजिक र सांस्कृतिक व्यङ्ग्य चेतना अभिव्यक्त भएका छन् भन्ने मूल शोध समस्याको प्राज्ञिक समाधान खोज्ने क्रममा विवेच्य कृतिका रचनाहरूमा निहित राजनीतिक, सामाजिक र सांस्कृतिक विचलनका विरुद्ध प्रस्तुत भएका व्यङ्ग्य चेतनालाई विश्लेषण गर्ने शोध उद्देश्य बनाई सम्पन्न गरिएको छ । यस ओलखमा अभिव्यञ्जना शब्द शक्ति र त्यसमा निहित व्यङ्ग्य बोधलाई सैद्धान्तिक मान्यताको रूपमा प्रयोग गरिएको छ । यसमा गुणात्मक शोध अध्ययन पद्धतिलाई अङ्गीकार गरिएको छ । पारदर्शी मान्छे कथा सङ्ग्रहमा मूलतः सामाजिक, राजनीतिक र सांस्कृतिक बेथितिजन्य विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा चित्रण गरिएको सारवस्तु यस लेखको निष्कर्ष खण्डमा प्रस्तुत गरिएको छ । मूल शीर्षकका साथै आवश्यक पर्ने अन्य उपशीर्षकहरूको प्रयोग गरी शोधात्मक ढाँचामा प्रस्तुत आलेख सम्पन्न गरिएको छ । यसले मनु ब्राजाकीको पारदर्शी मान्छे कथा सङ्ग्रहमा विशेषतः सामाजिक अन्याय, विचलन, सांस्कृतिक विघटनमुखी विकृति र राजनीतिक रूपमा विसङ्गत बनेका सन्दर्भहरूलाई व्यङ्ग्य चेतनाका माध्यमबाट अभिव्यक्त गरिएको सारवस्तु प्राप्त भएको छ ।*

***शब्दकुञ्जी :*** अभिव्यञ्जना, वक्रोक्ति, विचलन, विसङ्गति, शब्दशक्ति

## विषय परिचय

प्रस्तुत आलेखको शीर्षक 'पारदर्शी मान्छे कथासङ्ग्रहका कथामा व्यङ्ग्य चेतना' रहेको छ । यसअन्तर्गत कथाकार ब्राजाकीको विवेच्य कथासङ्ग्रहमा निहित व्यङ्ग्यकारिताको विश्लेषण गरिनेछ । मनु ब्राजाकी ( वि.सं.१९९९ साउन १९ सोमबार-२०७४ माघ १९ शुक्रबार) नेपाली कथा साहित्यका स्थापित प्रतिभा हुन् । उनको वास्तविक नाम चेतमानसिंह भण्डारी हो । औरही २ महोत्तरीमा जन्मेर नेपाल, भारत, अमेरिकाका विभिन्न स्थानमा भ्रमण गरी जीवनका अनुभव अनुभूतिहरूलाई कथामा व्यक्त गर्ने ब्राजाकी नेपाली साहित्यमा स्वच्छन्दतावादी, प्रयोगवादी, व्यङ्ग्यशिल्पी कथाकारका रूपमा चर्चित छन् । उनले कथा विधाका साथै गजल र प्रबन्धात्मक रचनाहरू पनि प्रस्तुत गरेका छन् । विभिन्न विधाहरूमध्ये कथा विधा नै उनको साहित्य लेखनको मूल रुचिक्षेत्र रहेको छ । ब्राजाकीले रीति क्षेत्रको रूपमा सशक्त व्यङ्ग्यकारितालाई रोजेका छन् । कथा लेखनमा पनि ब्राजाकीले व्यङ्ग्य चेतनालाई नै मूल प्रवृत्तिका रूपमा अँगालेका छन् । मानव जीवनका विविध कमजोरीलाई तीव्र व्यङ्ग्य गर्नुलाई उनले कथा लेखनको खास वैशिष्ट्य बनाएका छन् । 'श्यामकुमार' नाममा पनि साहित्य लेखेका उनी 'मनु ब्राजाकी' साहित्यिक नामले प्रसिद्ध छन् । उनका कथा विधाका प्रकाशित कृतिहरूमा *अवमूल्यन* ( २०३८), *आकाशको फल* (२०४२), *तिम्री स्वास्नी र म* (२०४६), *भविष्ययात्रा* (२०५२), *पारदर्शी मान्छे* (२०६०), *मनु ब्राजाकीका छोटा कथाहरू* (२०७०), *अन्नपूर्णाको भोज* (२०७०), *जनजीवनका जीवनगाथा* (२०७३) रहेका छन्

[1] उपप्राध्यापक, नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल । Email: hps2066@gmail.com

। यी कथा कृतिहरूमा *पारदर्शी मान्छे* कथा सङ्ग्रहलाई यस आलेखका निम्ति विवेच्य बनाइएको छ । अत: विवेच्य कृतिमा केकस्ता कथाहरुमा केकस्ता व्यङ्ग्य चेतना अभिव्यक्त भएका छन् ? भन्ने प्राज्ञिक जिज्ञासा नै यस आलेखको समस्याकथन रहेको छ । *पारदर्शी मान्छे* कथा कृतिका कथाहरूमा पाइने व्यङ्ग्य चेतनाको विभिन्न आयाममा विश्लेषण गर्नु र सो व्यङ्ग्यात्मक चेतनाको मूल सन्देश निर्क्योल गर्नु यस आलेखको उद्देश्य हो । ब्राजाकीका कथा कृतिहरूको विभिन्न दृष्टिमा अध्ययन अनुसन्धान भएका छन् । उनका कथामा पाइने सामाजिकता, मानवीय संवेदना, भाषिक शैली, कथाो विधापरक अध्ययन जस्ता पूर्वाध्ययनहरु भएको पाइन्छ । यद्यपि विवेच्य रुपमा चयन गरिएको *पारदर्शी मान्छे* कथा कृतिमा निहित व्यङ्ग्य चेतनाका बारेमा कुनै अनुसन्धानात्मक समालोचना नभएकाले यो शोध अन्तराललाई परिपूर्ति गर्ने उद्देश्यमा यो आलेख केन्द्रित छ । ब्राजाकीको कथाकारिताको मूल प्रवृत्ति नै व्यङ्ग्यकारिता हो । कथाकार ब्राजाकीको व्यङ्ग्य चेतनालाई विश्लेषण गर्नुको तात्पर्य उनको कथाको अनुशलीन गर्नु र उनले दिन चाहेको सन्देश पक्षलाई आम पाठक सामु समालोचकीय माध्यमबाट अझ स्पष्ट व्याख्या गर्नु हो । यसले कथा विधा मात्रै नभएर साहित्यको अध्ययन गर्ने व्यक्तिलाई साथै नेपाली कथामा पाइने वयङ्ग्य चेतनालाई स्पष्ट पार्ने हुँदा यो अनुसन्धान कार्य औचित्यपूर्ण रहनेछ । उक्त व्यङ्ग्यकारिताका सापेक्षतामा *पारदर्शी मान्छे* कथा सङ्ग्रहका कथाहरूमा रहेका चेतनालाई हास्यव्यङ्ग्य मान्यताका आधारमा विश्लेषण गर्नु नै यस आलेखको विषयक्षेत्र रहेको छ ।

कथाकार मनु ब्राजाकी आधुनिक नेपाली कथा साहित्यका नवचेतनावादी प्रवृत्तिका प्रतिभा हुन् । उनका कथामा विसङ्गति विरुद्ध व्यङ्ग्य गरिएको छ । आधुनिक नेपाली समाजको यथार्थता प्रस्तुत गरिएको छ । त्यसैले उनलाई नवचेतनावादी नेपाली कथा धारामा समेट्न सकिने समीक्षा दयाराम श्रेष्ठले गरेका छन् । उनका अनुसार मनु ब्राजाकी नवचेतनावादी युग निर्माण गर्न आफूभित्र रहेको परिष्कृत कथा प्रतिभाका साथ उदाएका कथाकार हुन् (२०५६, पृ. ८६) । मनु ब्राजाकीको कथा लेखनमा नवचेतनाको प्रवृत्तिभित्र पनि व्यङ्ग्यकारिता प्रबल बन्दै गएको पाइन्छ । आधुनिक साहित्यमा नवचेतनाको एक विशिष्ट अभिलक्षण व्यङ्ग्य चेतना हो । राजेन्द्र सुवेदीले कथाकार ब्राजाकीलाई समाजका रहस्य, विसङ्गति र नकारहरूको विद्रोह गर्ने कथाशिल्पी भनेका छन् (२०५७, पृ.४६) । विसङ्गति तथा विकृतिका विरुद्ध मानवीय चेतनाको अभिव्यक्ति दिनु उनको कथाकारितामा रहेको विशिष्ट पहिचान हो । कथाकार ब्राजाकीका कथा साहित्यको खोज, अनुसन्धान, अन्वेषण कार्यहरू भइरहेका छन् । उनका कथा कृतिमा पाइने हास्यव्यङ्ग्यको सामान्य अध्ययन अनुसन्धानात्मक समालोचना भएको पाइन्छ । यथार्थ जनजीवनका विचलनमाथि सार्थक सन्दर्भ सहित र निर्मम तरिकाले व्यङ्ग्य गर्ने भएकाले ब्राजाकीका साहित्यमा निर्भीक व्यङ्ग्यकार व्यक्तित्व रहेको छ (सिलवाल, २०७९, पृ.ण) । उनका कथाकारिताको शोध अनुसन्धानका कार्यहरू भएका छन् । यद्यपि उनको *पारदर्शी मान्छे* कथा सङ्ग्रहमा अभिव्यञ्जित व्यङ्ग्य चेतनाको अध्ययन कार्य नभएको पाइएकाले यो आलेख यसैमा केन्द्रित रही प्रस्तुत गरिएको छ ।

## अध्ययन विधि

यो लेखमा व्यञ्जना शक्तिको मान्यताका सापेक्षतामा व्यङ्ग्य चेतनालाई सैद्धान्तिक ढाँचाको रूपमा उपयोग गरिएको छ । साहित्यमा प्रयुक्त शब्दशक्तिहरू अभिधा, लक्षणा र व्यञ्जनामध्ये व्यञ्जना शब्दशक्तिमा निहित व्यङ्ग्य शक्ति, व्यङ्ग्यधर्मिता, वक्रोक्तियुक्त अभिव्यञ्जना चेतना जस्ता गुणहरूलाई एकीकृत गरी सैद्धान्तिक ढाँचाको रूपमा व्यङ्ग्य चेतना निर्माण गरिएको छ । यस लेखमा व्यङ्ग्यात्मक चेतनाको सैद्धान्तिक स्वरूपका आधारमा कथाकार मनु ब्राजाकीको *पारदर्शी मान्छे* कथासङ्ग्रहका कथाहरूमा निहित व्यङ्ग्यात्मक चेतनाको विश्लेषण गरिएको छ । गुणात्मक शोध पद्धतिअन्तर्गत गरिएको यो लेखमा प्राथमिक सामग्रीका रूपमा मनुकृत पारदर्शी मान्छे कथासङ्ग्रह र द्वितीयक सामग्रीको रूपमा अरू सम्बद्ध सामग्रीलाई पुस्तकालयीय स्रोतबाट सङ्कलन गरी उपयोग गरिएको छ । हास्यव्यङ्ग्य तथा व्यङ्ग्य चेतनाको सिद्धान्त पहिले नै स्थापित भइसकेको छ । यसको सापेक्षतामा विवेच्य कृतिका रचनाहरुको विश्लेषण गरिएको छ । निश्चित सिद्धान्तको ढाँचामा विवेच्य रचनाको विश्लेषण गरी निष्कर्षमा पुगेकाले निगमनात्मक शोध ढाँचालाई अवलम्बन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

व्यङ्ग्य चेतनाको मूल सिद्धान्त व्यञ्जना शक्तिसित सम्बन्धित रहेको हुन्छ । यसमा हास्य रसको अभिव्यक्ति पनि समावेश भएको हुन्छ । व्यङ्ग्य चेतनाका विभिन्न तहहरू रहेका छन् । तीमध्ये पनि परिहास, तीव्र व्यङ्ग्य, सूक्ष्म परिहासहरूमा तीव्र व्यङ्ग्यले शब्द र अर्थको समान उपयोगिताबाट मर्मभेदी अभिव्यक्ति दिएर प्रहार गरेको हुन्छ (सुवेदी, २०५८, पृ.३५) । व्यञ्जना शक्तिमा व्यङ्ग्य अर्थ बोध गराउने भएकाले पूर्वीय साहित्यमा स्थापित व्यञ्जना शक्ति र व्यङ्ग्य चेतनाको मान्यताका बिचमा समन्वय रहेको पाइन्छ (एटम, २०७४, पृ.२२६) । त्यसैले हास्यव्यङ्ग्यको अभिव्यक्ति साहित्यको व्यञ्जना शक्तिसित बढी निकट रहेको हुन्छ । हास्य र व्यङ्ग्यको मात्राअनुसार हास्य बढी, व्यङ्ग्य कम, व्यङ्ग्य बढी हास्य कम वा दुवै पक्ष समान सन्तुलनमा पनि रहेका सिर्जनात्मक अभिव्यक्तिहरू पाइन्छन् । हास्य तथा व्यङ्ग्यका निम्ति अभिव्यञ्जना शक्ति सबल हुन आवश्यक छ । पूर्वीय साहित्यशास्त्रमा प्रयुक्त अभिधा, लक्षणा र व्यञ्जनाका अतिरिक्त तात्पर्या शब्दशक्तिको पनि चर्चा रहेको छ । कुनै विशिष्ट सन्दर्भलाई विवेचना गर्न तात्पर्या शब्दशक्तिको प्रयोग हुन्छ (उपाध्याय, २०५५, पृ.१८०) । अभिव्यञ्जना शब्दशक्तिको तीव्र अभिव्यक्तिले साहित्यलाई शक्तिशाली बनाउँछ । व्यङ्ग्यात्मक र रसात्मक बनाउँछ । यसले गूढार्थ बोध पनि गराउँछ । हास्यव्यङ्ग्यमा परिहास तथा आत्मनिन्दाको भावनाहरु समावेश गरेर हास्य मनोरञ्जन जगाउन सक्छ भन्ने विश्वास गर्न सक्छौँ वा विश्वास गर्न सक्दैनौँ । हास्य पात्रहरु मूर्ख, अभिनय गर्दा कमेडियनहरुको क्यारियर बनाउँदा उच्चताको सट्टा निम्नपनको महसुस हुन्छ (लिङटोट,सन् २०१६, पृ.३५३) । यसभित्र स्रष्टाले लिएको उद्देश्यको अन्तर्वस्तु व्यङ्ग्य हो भने व्यङ्ग्यको उद्देश्य कुनै विसङ्गतिको परिमार्जन, परिवर्तन वा सङ्गतिको अपेक्ष गर्नु हो । व्यङ्ग्यलाई विषम सामाजिक यथार्थ पनि मानिन्छ जसमा विद्यमान असङ्गतिहरूलाई निन्दनीय विषयवस्तुका रूपमा प्रस्तुत गरिन्छ (राई, पृ. २२) । आलङ्कारिक रूपमा सिर्जनात्मक पक्षलाई सबल बनाउन अभिव्यञ्जनाको महत्त्वपूर्ण भूमिका रहन्छ भने यसले व्यङ्ग्यकारितामा पनि थप निखार ल्याउँछ । वास्तवमा व्यञ्जना शक्तिमा नै व्यङ्ग्य शक्ति निहित रहन्छ । व्यङ्ग्यको बोध पनि शब्दबाट नभई शब्दमा निहित गूढार्थमा रहेको हुन्छ । पूर्वीय साहित्य शास्त्रमा व्यङ्ग्यको सैद्धान्तिक ाअधारको रुपमा वयञ्जना शक्तिलाई नै लिइएको छ । शर्माका अनुसार शब्दबाट गूढार्थ बुझिन अभिधा र लक्षणा दुवैको असमर्थता भएपछि व्यञ्जनामा व्यङ्ग्यार्थ बोध हुन्छ । त्यसकारण व्यञ्जनार व्यङ्ग्यको सम्बन्ध रहेको छ (२०५८, पृ. १८३) । अतः व्यङ्ग्य र अभिव्यञ्जना मिश्रित व्यङ्ग्य चेतनालाई नै यस आलेखको सैद्धान्तिक मान्यताका रूपमा प्रयोग गरी यसका आधारमा मनु ब्राजाकीकृत *पारदर्शी मान्छे* कथा सङ्ग्रहमा निहित व्यङ्ग्य चेतनाको विश्लेषण गरिएको छ ।

### व्यङ्ग्य चेतनाका दृष्टिले पारदर्शी मान्छे सङ्ग्रहका कथाहरू

कथाकार ब्राजाकीको विवेच्य कथासङ्ग्रह *पारदर्शी मान्छे*मा सङ्गृहीत कथाहरूमा समकालीन नेपाली समाजका सामाजिक स्वरूपमा आएका विकृत पक्षलाई केन्द्रित गरी गहिरो ढङ्गले व्यङ्ग्य गरेका छन् । व्यङ्ग्य प्रधान अभिव्यक्तिलाई रुचिक्षेत्रको रूपमा चयन गर्ने ब्राजाकीले आफ्नो व्यङ्ग्यात्मक कथाकारिताको सो प्रवृत्तिलाई विवेच्य कृतिमा पनि प्रभावकारी शैलीमा प्रस्तुत गरेका छन् । कथाकार ब्राजाकीको कथाकारितामा अभिव्यञ्जित व्यङ्ग्य चेतना विवेच्य रहेको छ । यस कथासङ्ग्रहको शीर्षकमा नै व्यङ्ग्यात्मक अर्थ सङ्केत भएको छ । उनको व्यङ्ग्यकार व्यक्तित्वका विषयमा समालोचक समीक्षकहरूले अनुशीलन पनि गरेका छन् । उनको विवेच्य कृतिमा निहित व्यङ्ग्य चेतनाका रुपमा सामाजिक, सांस्कृतिक र राजनीतिक विसङ्गतिप्रति अभिव्यक्त व्यङ्ग्य चेतनालाई यहाँ विश्लेषण गरिएको छ ।

### सामाजिक विसङ्गतिप्रति अभिव्यक्त व्यङ्ग्य चेतना

मनु ब्राजाकीको *पारदर्शी मान्छे* कथा सङ्ग्रहमा आधुनिक समाजका विसङ्गतिमाथि व्यङ्ग्यात्मक अभिव्यक्ति प्रकट गरिएको छ । समाज विघटनमुखी बनेको सन्दर्भलाई कथा स्रष्टा ब्राजाकीले व्यङ्ग्यात्मक शिल्पमा प्रस्तुत गरेका छन् । सामाजिक मूल्यमा ह्रास आएको, मानवीय अस्तित्व नै सङ्कटमा पर्ने निकृष्ट गतिविधि भएको, मान्छेका सम्बन्धहरू प्राविधिक रूपमा मात्रै बाँकी रहेको, समाजको सद्भाव दिन प्रति दिन कमजोर बन्दै गएको जस्ता अनेक विसङ्गतिप्रति कथाकारको व्यङ्ग्य चेतना केन्द्रित भएको छ । कथाकार ब्राजाकीले बेरोजगारी समस्याले विदेश जान बाध्य भएका युवाहरूलाई म्यानपावर नाममा खोलिएका संस्थाहरूले

पनि शोषण गरेको विसङ्गत अवस्थामाथि यसरी व्यङ्ग्य प्रकट गरेका छन्- "यहाँ हुनुहुन्छ देशोद्धार म्यानपावर सप्लाईका सर्वेसर्वा र समाजसेवक (उनी, जूनी र खाली हात, पृ.८) ।" कथाकारले देशको उद्धार गर्ने नाममा विदेश पठाउनेहरू नै समाजसेवी कहलिने गरेको विसङ्गतिपूर्ण सामाजिक परिवेशको पर्दाफास गरेका छन् । वर्तमान समाजमा हरेक वर्ग, तह र तप्कामा समस्याहरू रहेका छन् । यस्ता समस्याहरू शोषणजन्य सामाजिक परिपाटीले निम्त्याएका हुन् । सामाजिक बेथितिको जडहरूमध्ये शोषणलाई मुख्य स्थान मानिन्छ । त्यस शोषणका कारण नारी वर्ग सबैभन्दा बढी शोषणमा परेको व्यङ्ग्यात्मक अभिव्यक्ति यसरी गरिएको छ- "शोषित, पीडित र दलितहरूमध्ये पनि शोषित र दलित यस समाजमा नारी छे (जोरपैयुँ, पृ. २९) ।" सामाजिक आदर्श र नीति चेतनामा सबै समान भएको, समताको प्रवचन भइरहने हाम्रो समाजमा तह तहका दलित, शोषित र उत्पीडनका समस्याहरू व्याप्त रहेकोप्रति उनको व्यङ्ग्य चेतना केन्द्रित छ । नेपाली समाज, विशेषतः दक्षिण एसियाली समाजमा अनेक वर्गहरू रहेका छन् तर तिनका बिचमा उचित मानवीय सम्बन्ध, सामाजिक प्रणालीको सुव्यवस्थित शृङ्खला कायम हुन सकेको छैन । यिनै सामाजिक विकृतिमाथि ब्राजाकीले व्यङ्ग्यात्मक आलोचना गरेका छन् । उनले यसरी आफ्नो व्यङ्ग्यात्मक शैली र आलोचनात्मक अवधारणाबाट समाजका रुग्णतामाथि स्पष्ट पारेका छन्-

> मूर्ख, बुद्धिमान्, रूढिवादी र प्रगतिशीलहरू पनि छन् । धनी, गरिब दुबै छन् । सुटप्यान्ट र भोटो कछाड पनि छन् । झ्याउरे र पप पनि छन् । जुवाडे र जँड्याहा पनि छन् । लाहुरे र चाउरे पनि छन् । बम्बै, कलकत्ता, दिल्लीसँगै हङकङ र ब्रुनई पनि छन् । दसैं मानेर दाजु काट्ने, तिहार मानेर दिदीबैनी बेच्ने र तीज मानेर पोइल जानेहरू पनि छन् । राजनीति गरेर देश डुबाउने र समाजसेवा गरेर समाज भाँड्नेहरू पनि छन् । भद्र भलाद्मी र असल काम गरेर कमसल ठहरिनेहरू पनि छन् । शिक्षा दिने पनि छन् र शिक्षा लिनेलाई फकाउने पनि छन् । खुला व्यापार गर्नेहरू पनि छन् भने गोप्य कारोबार चलाउनेहरू पनि छन् । गुलाफ, सयपत्री, मखमली, लालुपाते, तितेपाती, सिस्नो, धतुरो सबैसबै छन् अर्थात् यो ठाउँ पनि सबै ठाउँजस्तै एउटा ठाउँ हो (कान्छी, तँ भित्र जा, पृ. ३१) ।

कथाकार ब्राजाकीले प्रस्तुत गरेको उपर्युक्त सामाजिक विसङ्गतिको अवस्थाले समाजको तितो यथार्थलाई बाहिर ल्याएको छ । सामाजिक व्यवस्थामा अग्रगामी, प्रगतिशील, मानवतावादी, विकास उन्मुख र वैज्ञानिक पद्धति अँगालिनु पर्नेमा त्यस विपरीत समाज भाँड्नेहरू, देश बिगार्नेहरू, दाजु भाइ र दिदी बहिनीप्रति गलत व्यवहार गर्नेहरू, शिक्षा दिने नाममा नकारात्मक सन्देश बाँडनेहरू, कुलतमा फस्नेहरू जस्ता कार्य र प्रवृत्तिले समाजलाई कुरूप बनाएको विसङ्गत सामाजिकताको व्यङ्ग्य गरिएको छ । समाजमा राजनीतिक, सांस्कृतिक, वर्गीय, शैक्षिक विसङ्गतिहरू रहेको पाइन्छ । यिनै विसङ्गतिहरूलाई कथाकारले आफ्नो गहिरो व्यङ्ग्य चेतनाबाट प्रकाश पारेका छन् । उनको अभिव्यक्तिमा ती विकृत पक्षहरूको आलोचना गरिएको छ । उनले समाज थोत्रो भएको अर्थात् समाजको व्यवस्था, विचार, प्रणाली जीर्ण, अव्यावहारिक भएको आलोचनात्मक धारणालाई अघि सारेका छन् । उनी कथामा लेख्छन्- "उनले बाबुको ममताको आड पाएर झर्केर भनेकी थिइन्- मलाई चाहिँदैन यो थोत्रो पाखण्डी समाज (अंश-वंशधारिणी, पृ. ७०) ।" समाज थोत्रो भएको टिप्पणी गरिएको छ । यसको तात्पर्य विचारले थोत्रो रूप रहेको छ । समाजमा पाखण्डीपन रहेको छ । देखावटीपन सामाजिक विशेषता भएको छ । मानिसलाई आवश्यक आधारभूत व्यवस्था रहेको छैन । यो निकृष्ट व्यवस्थामा परिणत भएको समाजलाई बदल्नुपर्छ । बदल्नुअघि यसरी सामाजिक कुरीति, भ्रष्टता, बेथिति, विसङ्गतिलाई कथा साहित्यमार्फत आलोचनात्मक तथा व्यङ्ग्यात्मक चेतना प्रकट गर्नु यस कथा सङ्ग्रहको एक महत्त्वपूर्ण सौन्दर्य चेतना हो ।

## सांस्कृतिक विसङ्गतिप्रति अभिव्यक्त व्यङ्ग्य चेतना

हरेक मानव समाजमा फरक फरक सांस्कृतिक स्वरूपको विकास भएको हुन्छ । संस्कृतिको विकासमा त्यहाँको सामाजिक रीति, शिक्षा, राजनीतिक प्रणाली, मानिसहरूको चेतनाको स्तर, वर्गगत स्वरूप जस्ता कारक तत्त्वहरूले प्रभाव पार्दछ । संस्कृति मानवीय समाजको गतिशील विशेषता पनि हो । संस्कृतिले मानिसलाई समाजमा पहिचान, प्रतिनिधित्व, अस्तित्व, गतिशीलता, क्रियाशील बनाउन सहयोग गरेको हुन्छ । यद्यपि सांस्कृतिक संरचनामा विकारहरू उत्पन्न भएमा त्यस प्रकारको गलत संस्कृतिले समाजलाई अधोगतितर्फ

डोऱ्याउँछ । त्यसले समाजलाई गतिहीन, अन्यायी, पतनोन्मुख बनाइदिन्छ । कथाकार ब्राजाकीले विवेच्य कृतिका कथाहरूमा समाजका तिनै विकृत बनेका कतिपय सांस्कृतिक पक्षहरूप्रति व्यङ्ग्यात्मक आलोचना गरेका छन् । समाज र संस्कृतिको परिपूरक सम्बन्ध रहेको हुन्छ । सामाजिक विसङ्गतिले संस्कृतिमा र संस्कृतिको विसङ्गतिले समाजमा असर पर्दछ । ती असरहरूप्रति कथाकार सचेत देखिन्छन् । उनका कथा सिर्जनामा यस विषयप्रति गहिरो अध्ययन, टिप्पणी र विश्लेषण रहेको पाइन्छ । हाल नेपाली समाजमा विदेशी छाडा गीत, सङ्गीत, साहित्यको नकारात्मक प्रभाव परेको छ । यस्तो अवस्थालाई कथाकार ब्राजाकी यसरी अघि सार्छन्- "अनि धतुरो जस्ती चमेलीले लाउडस्पिकर बजाई- चोली के पिछे क्या है, चोली के पिछे ? चुनरी के नीचे क्या है, चुनरी के नीचे ? अब कीर्तन सुरु भयो (चोली के पिछे क्या है ?, पृ. १४७) ।" भारतीय सिने बजारका अश्लील छाडापन भएका गीत सङ्गीतले नेपाली संस्कृतिमाथि नराम्रो असर पुऱ्याएको उक्त कथा अंशले स्पष्ट पारेको छ । समाजमा जब गलत साहित्यको प्रवेश हुन्छ तब त्यो समाजको संस्कृति पनि पतनतिर अघि बढ्छ । यही अवधारणालाई कथाकारले आफ्ना कथामा व्यक्त गरेका छन् । कथाकार ब्राजाकीले आफ्ना कथामा यौन विसङ्गतिले गर्दा गलत संस्कृतिको स्थान विस्तार हुँदै गएको जनाएका छन् । शिक्षक र छात्राका बिचमा भएका यौनजन्य क्रियाकलापले सांस्कृतिक विचलन निम्त्याएको तर्कलाई कथाकारले व्यङ्ग्य चेतनाका रूपमा यसरी प्रकाश पारेका छन् - "केही दिनअघि नीलमले व्याकुल भएर भनेकी थिई- सर ! कति चुम्बन र परिरम्भणमा नै सीमित रहने हामी ? (जोरपैयुँ, पृ. १८) ।" पेसागत रूपमा शिक्षण क्रियाकलापमा रहेका दुई व्यक्तिका बिचमा यस्ता शारीरिक क्रियाकलाप रहनुले सांस्कृतिक कमजोरीलाई नै सङ्केत गर्दछ । यसले सामाजिक मर्यादा, शिष्टता, पेसागत मान, अनुशासन र आचारसंहितालाई नष्ट गर्ने देखिन्छ । *पारदर्शी मान्छे* कथा कृतिमा सांस्कृतिक विकृतिका नजिरहरूलाई कथाकारले विविध सन्दर्भबाट प्रकट गरेका छन् । यातायात क्षेत्रमा देखिएको गलत व्यवहारले हाम्रो समाजको सांस्कृतिक विचलनलाई नै टेवा दिने सम्भावनालाई हेरेर कथाकार यसरी व्यङ्ग्य चेतना प्रस्तुत गर्दछन्-

> ल, तपाईं नै भन्नुस् त, टन्न जाँड खाएर, लिफ्ट दिएर आडैमा राखेकी कान्छीसित जिस्किँदै ट्रक हाँक्ने ड्राइभर ट्रकको घाँटीमा थोत्रो जुत्ता झुन्ड्याएर अनिष्टदेखि जोगिन सक्छ ? यस्ता अन्धविश्वासमा भन्दा आफ्नो हातको सीप र कलामा भर पर्नुपर्छ, अनि मात्र सचेत रूपले सफलताका लागि विचार पुऱ्याएको ठहरिन्छ (सामन्तको सम्पत्ति, पृ. ८७) ।

कथाकारले यहाँ अन्धविश्वासको संस्कृतिमाथि कटाक्ष गरी प्रगतिशील संस्कृतिको पक्षमा आफ्नो धारणा व्यक्त गरेका छन् । बसका चालकले आफ्नो सिट नजिकै स्त्रीलाई राखेर जिस्किनु यातायातीय पेसाका दृष्टिले प्राविधिक जोखिमको सम्भावना हो भन्ने कथाकारको बुझाइ रहेको छ । यस्ता कारणले दुर्घटना, झैंभगडा हुने गरेको पाइन्छ । साथै आफ्नो ध्यान र व्यवहार चालक कर्तव्यको अनुशासनमा केन्द्रित नगरी दुर्घटनाबाट बच्न ट्रकको घाँटीमा थोत्रो जुत्ता राख्ने गरेको अन्धविश्वासमाथि पनि व्यङ्ग्य गरिएको छ । हातको सिप, मनको ध्यान, एकाग्रता, पेसागत सीमा र दक्षताको विकास गर्नु पर्ने र त्यसले मानिसलाई आत्मनिर्भर बनाउने वैज्ञानिक तथा प्रगतिशील विचार पनि यस कथांशमा व्यक्त गरिएको छ । यसरी कथाकार ब्राजाकीले समाजका विभिन्न प्रकारका सांस्कृतिक कमजोरीप्रति व्यङ्ग्य गरेका छन् ।

## राजनीतिक विसङ्गतिप्रति अभिव्यक्त व्यङ्ग्य चेतना

राजनीतिले सबै नीतिहरूलाई प्रभाव पार्दछ । राज्यको नीति नै खराब भएमा, यसले सही गन्तव्य लिन नसकेमा राज्यका अन्य क्षेत्रहरू पनि स्वतः कमजोर भएर विसङ्गत अवस्थामा परिणत हुन्छन् । राजनीतिले समग्र पक्षहरूलाई नेतृत्व गर्नु स्वाभाविक हो । यसको नेतृत्व गलत भएमा समग्र तह र तप्काहरू नै गलत बन्न पुग्छन् । यिनै पृष्ठभूमिमा ब्राजाकीले *पारदर्शी मान्छे* सङ्ग्रहका कथाहरूमा राजनीतिक विसङ्गतिप्रति व्यङ्ग्य चेतना अभिव्यक्त गरेका छन् । राज्य सञ्चालनका लागि विश्वभर राजनीतिक शक्तिको स्थान महत्त्वपूर्ण रहेको हुन्छ । यद्यपि यही शक्तिको निकृष्ट कार्यशैली नै राजनीतिक विसङ्गितका रूपमा रहेको कथाकारको व्यङ्ग्मा प्रस्तुत भएको छ । समाजमा राजनीतिक वृत्तप्रति नकारात्मक छवि निर्माण भएको छ । यसलाई कथाकारले व्यङ्ग्य प्रहारको केन्द्रीय कथ्य नै बनाएका छन् । आचरण तथा अनुशासनमा रहेको राजनीतिक प्रणालीले देशमा सुशासन कायम गर्छ । तर यही आचारण तथा अनुशासन नभएको राजनीतिक सन्दर्भमाथि नै कथाकारको गम्भीर

आलोचना व्यक्त भएको छ । कथाकारले कमिसन, भ्रष्टाचार जस्ता कार्यले बदनाम अवस्था सिर्जना भएकोतर्फ सङ्केत गर्दै यसरी लेखेका छन्- "थोरै खाएर धेरैबेरसम्म बस्ने गाहकीप्रति उनको ठ्याम्मै सहानुभूति छैन । किनभने यहाँ थोरै खाने नेता, मन्त्री, हाकिमभन्दा धेरै खानेहरू नै सम्मानित छन्" (पारदर्शी मान्छे, पृ. १) । यहाँ पसलको गाहकीसित धेरै खाने नेताको तुलना गरेर राजनीतिक विसङ्गतिलाई व्यङ्ग्यात्मक शैलीमा चिरफार गरिएको छ । समकालीन राजनीतिक वृत्तमा अवसरवादी चरित्र देखा परेको सन्दर्भलाई पनि कथाकारले आलोचनात्मक रूपमा व्यङ्ग्य गरेका छन् । सज्जन स्वभावका राजनीतिक कर्मीहरू अवसरबाट वञ्चित हुन्छन् । तर चलाखी गरेर अवसर लिनेहरू जुनसुकै व्यवस्था र सिद्धान्त लागु भए पनि तिनीहरू नै मन्त्री पदको लाभ लिन योग्य बन्ने विसङ्गत अवस्था भएको कथाकारको तर्क रहेको छ । उनी यस सन्दर्भमा लेख्छन्- "हिजो पञ्चायती मन्त्री थियो, आज बहुदलीय प्रजातान्त्रिक मन्त्री भएको छ । पञ्चबाट प्रजातान्त्रिक हुने सल्लाह नै दिएको हुँ उसलाई । हिजो सबै कुरा भित्रभित्र गुपचुप हुन्थ्यो, आज सबै कुरा छ्याङ्ग छ । लुकाउनु पर्ने केही छैन । लुकाउनु पनि हुँदैन (पारदर्शी मान्छे, पृ.४) ।" हिजो र आज दुवै समयमा राजनीतिक विसङ्गति हाबी भएको छ । यद्यपि हिजो प्रचार प्रसार नभएको, प्रेस स्वतन्त्रता नभएकाले गुपचुप रूपमा गलत काम भएको थियो । त्यो नकारात्मक क्रियाकलाप भएको छ भन्ने मानिसहरूलाई सहजै अनुमान हुन्थ्यो तर पारदर्शी रूपमा बाहिर आएको थिएन । आज गलत काम गरेर निर्लज्ज भएको अवस्था छ । राजनीतिक परिवेश पुरै विसङ्गतिमा परिसकेको छ । देशको सही राजनीतिक व्यवस्थापन, व्यवहार कुशलताले न्याय, सुशासन र कल्याणकारी राज्य निर्माणमा सहयोगी वातावरण बन्छ । हाम्रो देशको राजनीतिमा यसैको अभाव भएको कथाकारको अनुभव छ । *पारदर्शी मान्छे* कथा कृतिमा यिनै विसङ्गत विषयमाथि व्यङ्ग्यात्मक तर्क प्रकट भएको छ । राजनीतिक वृत्तमा देखावटीपन बढी छ । सम्भाषण, प्रवचन आदि निकै गहन, मिठा एवं चाखलाग्दा हुन्छन् । त्यसको व्यवहार विपरीत किसिमका हुन्छन् । कथाकार यसरी लेख्छन्- "दिउँसो टुँडिखेलमा आफ्ना स्वदेशी नेताहरूको उच्च राजनैतिक र तुच्छ कूटनैतिक भाषण सुनेँ । त्यो सुनेर आफैसित घृणा लाग्यो र नाटक हेर्न एउटा गल्लीभित्र छिरेँ (उनी, जूनी र खाली हात, पृ. ६) ।" नेताको भाषण सुनेर आफैप्रति लाज लाग्नुको व्यङ्ग्यर्थ आफ्नो देशको नेतृत्वप्रतिको चरम असन्तोष हो । नेतृत्वले देशको स्वाभिमान उठाउन नसकेको कथाकारको आलोचनात्मक टिप्पणी छ । अदक्ष मानिसहरूको जमातले दक्षहरूको अवमूल्यन गरेको विसङ्गत अवस्थाको चित्रण ब्राजाकीले गरेका छन् । "स्वदेशको निर्माण विदेशबाटै हुनेछ । विदेशी डुकूलन्ठकहरूबाटै हुनेछ । विश्वबन्धुत्व जिन्दावाद ! (उनी, जूनी र खाली हात, पृ.९) ।" विश्वबन्धुत्व जस्तो असल तात्पर्यलाई राजनीतिक विसङ्गतिले गर्दा डुकूलन्ठक जस्तो मूर्खता, पाखण्डमा परिणत गरेको तिखो आलोचना यसमा प्रस्तुत भएको छ । सामाजिक विग्रह र विद्वेषको कारण पनि राजनीतिक विसङ्गति नै भएको यसमा व्यङ्ग्य गरिएको छ । कथाकार लेख्छन्- "प्रजातन्त्रवादी रवीन्द्रले, साम्यवादी अनिलले, सामन्तवादी विपुलले उसलाई स्वास्नी बनाउन खोजे, तर उनी कसैकी स्वास्नी बन्न मानिन् (अंश वंशधारिणी, पृ. ७४) ।" अश्लील काममा लिप्त रहने प्रवृत्तिले सामाजिक नैतिकता धराशयी भएको उल्लेख गरिएको छ । चरित्रहीन काममा लागेका राजनीतिक कार्यकर्ताहरूले आदर्शको सैद्धान्तिक प्रवचन दिएको र व्यवहारमा यस्ता निकृष्ट कार्यमा आबद्ध रहेको कथाकारको गम्भीर व्यङ्ग्य प्रस्तुत भएको छ । राज्यको समग्र साझा चरित्र माथि उठाउनु पर्ने वर्ग नै कमजोर भएको, अनैतिक भएको, तुच्छ स्तरको कार्यमा भाग लिएकोप्रति कथाकार ब्राजाकीको तीव्र व्यङ्ग्य सोझिएको छ । उनले नेपाली राजनीतिमा विदेशी हस्तक्षेपको अवस्थामाथि पनि व्यङ्ग्य गरेका छन् । उनी लेख्छन्- "विश्वराजनीति र अर्थतन्त्रमा उनीहरूकै महत्तम द्वितीय दयादृष्टि छ (त्रिनेत्रका खुल्ला आँखा, पृ.११६) ।" हामी नेपालीहरूलाई विदेशीले दयाको दृष्टिले हेर्ने गरेको उल्लेख गरिएको छ । दयालाग्दो अवस्थामा देशको परिवेशलाई निकम्मा बनाएको र विदेशीले पनि हेप्ने वातावरण बनेको कथाकारको बुझाइ छ ।

राजनीतिमा षड्यन्त्रमूलक ढङ्गले एक नेताले अर्को नेताको मान मर्दन गर्ने, चरित्र हत्या गर्ने, कमजोर पार्ने र आफू मात्रै शक्तिमा बस्ने वातावरण बनाउने जस्ता कार्यलाई कथाकारले यसरी व्यङ्ग्य गरेका छन्- "किनभने नेता बनेर देशसेवा गर्दै मेवा कुम्ल्याउने उसको सपना नेताजीले चकनाचूर पार्दै थिए (रूपान्तरणको व्यथाकथा, पृ. १४४) ।" एक नेताले अर्को नेताको विरुद्ध दाउपेच गर्ने, शक्तिमा रहन नदिने, अनेकानेक आरोप गर्ने, अवसरलाई आफ्नो अनुकूल पार्ने जस्ता कार्यहरूले राजनीतिक क्षेत्र विसङ्गत भएको स्रष्टा ब्राजाकीको विचार रहेको छ । कथाकारले प्रजातन्त्रमा मूल्यमान्यता हराएको र राजनीतिमा विवेक हराएको सन्दर्भलाई यसरी

तीव्र व्यङ्ग्य गरेका छन्- "प्रजातन्त्रमा मूल्यमान्यता खोजेको ? नेताजीले व्यङ्ग्यपूर्वक सोधे । ...राजनीतिमा विवेक खोजेको ? व्यङ्ग्यात्मक नेताजी बियरले विद्रूप र विस्फोटक भए- निस्किहाल्, निस्कि !... गेटआउट ! माओवादी हो कि क्या हो तँ ? गेटआउट !! (रूपान्तरणको व्यथाकथा, पृ.१४४) ।" राजनीतिले नै राजनीतिलाई व्यङ्ग्य गरिरहेको छ । राजनीतिले नै राजनीतिलाई गिज्याइरहेको छ । राजनीतिले नै राजनीतिलाई कमजोर साबित गरिरहेको छ । प्रजातन्त्रदेखि लोकतन्त्र हुँदै गणतन्त्रवादी तथा माओवादीसम्म सबैको राजनीतिक आचरणमा ह्रास आएको विकृत पक्षमाथि कथाकार ब्राजाकी असन्तोषका साथ व्यङ्ग्य विद्रोहको चेतना प्रस्तुत गर्दछन् । राजनीतिक वृत्तमा असहिष्णुपन बढेकोमा पनि कथाकारको व्यङ्ग्य अभिव्यञ्जित भएको पाइन्छ ।

*पारदर्शी मान्छे* कथा सङ्ग्रहको व्यङ्ग्य चेतना राजनीतिक क्षेत्रको बेथितिले सक्रिय भएको पाइन्छ । व्यङ्ग्यकारका निम्ति विकृति विसङ्गति नै लेखनको उर्वर क्षेत्र हो । हास्यव्यङ्ग्यको केन्द्र नै कमजोरी भएको स्थानमा उन्मुख रहन्छ । नेपाली समाजको राजनीति, सांस्कृतिक र विविध विसङ्गतिको दायरा फराकिलो भएकाले हास्यव्यङ्ग्य शैलीमा कलम चलाउने प्रतिभाहरूलाई विषयको प्रशस्त स्रोत प्राप्त भएको महहसुस हुन्छ । यस तात्पर्यमा कथाकार ब्राजाकी राजनीतिक विकृतिमाथि आलोचनात्मक चेतना प्रस्तुत गर्दछन् । उनको लेखनीमा पाइने कटाक्ष, आलोचना, व्यङ्ग्यकारिताले हास्यव्यङ्ग्यात्मक कथाकारिताको उचाइ स्थापित भएको पाइन्छ । विशेषतः निबन्ध विधामा बढी चलाइएको हास्यव्यङ्ग्य शैलीलाई ब्राजाकीले कथामा सरसपूर्ण तरिकाले प्रयोग गरेका छन् । यसले राजनीति मूल नीति हुनुपर्छ भन्ने सन्देश प्रवाह गरेको छ । राजनीति मूल नीति भएकाले यसको सही प्रणाली स्थापना नभएकाले स्रष्टाको व्यङ्ग्य चेतना प्रकट भएको पाइन्छ । राजनीति सत्ता र शक्तिसित सम्बद्ध विषय हो । यसबाट देशको विकास, कल्याण, सुव्यवस्था, कला साहित्यको विकास र विस्तार आदि जस्ता कार्यहरू हुने सम्भावना रहन्छ । तर राजनीतिक क्षेत्रमा एकपछि अर्को विकृतिहरू देखापर्न थालेकाले यसप्रति विद्रोह गर्नु, आलोचनात्मक चेतनाका कोणबाट विश्लेषण गर्नु, पाठक वर्गलाई यस विषयतर्फ ध्यानाकृष्ट गराउनु पनि साहित्यकारको दायित्व भएको महसुस गरी कथाकार ब्राजाकीले गम्भीर भई सूक्ष्म विषय सन्दर्भलाई समेत तानेर कथामार्फत व्यङ्ग्यात्मक स्वरूपमा दिएका छन् । नेपाली राजनीतिको मूल समस्या अवसरवाद नै रहेको तर्कमा आधारित भई कथाकारले यसरी व्यङ्ग्य चेतना प्रस्तुत गरेका छन्-

> नेताजी आफ्नो पार्टीका केन्द्रीय सदस्य थिए र एक पटक छ्यासमिसे सरकारको टाटेपाङ्ग्रे मन्त्रिमण्डलमा सहायक मन्त्री पनि भइसकेका थिए । तापनि खुट्टा तानातानको जमानामा फेरि मन्त्री हुने सम्भावना छँदै थियो । यसै सम्भावनालाई प्रबल बनाउन र आगामी चुनाउमा जिल्लाबाट आफ्नो विजय सुनिश्चित पार्न नेताजीले उसलाई स्वजिल्लावासी ठानेर सहर्ष पार्टीमा भर्ना गरेका थिए । नेताजीले सर्वप्रथम उसलाई प्रजातन्त्र सिकाए अर्थात् मतदातालाई कसरी तह लगाएर आफ्नो पक्षमा ल्याउनुपर्छ भन्ने ज्ञानगुन प्रदान गरे । रूपान्तरणको व्यथाकथा, पृ. १४२) ।

राजनीतिमा आफू अनुकूल काम गर्ने प्रवृत्तिको कथाकार ब्राजाकीले उपर्युक्त कथांशमा व्यङ्ग्य गरेका छन् । उनको ध्यान अवसरवादी चरित्रलाई आलोचना गरी त्यसको स्थानमा स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण गर्ने शुभेच्छा राख्नु हो । छ्यासमिसे मन्त्रीमण्डलको शब्दावलीले समकालीन राजनीतिक चरित्रको आलोचना भएको छ । जुनसुकै पार्टीको सरकार निर्माण भए तापनि त्यसमा मन्त्री बन्न तयार हुने तर विकास निर्माण, जनपक्षीय काम र नैतिकता प्रदर्शन गर्ने ठाउँमा पछि पर्ने राजनीतिककर्मी तथा पार्टीहरूको गलत प्रवृत्तिलाई उपर्युक्त कथाको अंशमा व्यङ्ग्य गरिएको छ । यो कथाकारको प्रतिनिधि व्यङ्ग्य चेतना हो । यो राजनीतिक विकृतिको पनि प्रतिनिधि घटना मात्रै हो । यसले समग्र राजनीतिक विसङ्गति रहेको र यसको समग्र आलोचना गरी स्वच्छ राजनीतिक वातावरण अपेक्षा गरिएको उक्त व्यङ्ग्यात्मक कथनबाट बोध भएको छ ।

यसरी कथाकार मनु ब्राजाकीले नेपाली समाजमा देखिएका असामाजिक कार्यहरूको आलोचनात्मक चेतना प्रकट गरेका छन् । संस्कृतिका क्षेत्रमा देखिएका विभिन्न प्रकारका कमीकमजोरीप्रति व्यङ्ग्य प्रहार गरेका छन् । साथै उनले राजनीतिक क्षेत्रमा रहेका अवसरवाद, भ्रष्टाचार, बेथिति, अनैतिक जस्ता प्रवृत्तिको आलोचना गरेका छन् । यी विकृति विसङ्गतिहरूमाथि मनु ब्राजाकीले आफ्नो निजी व्यङ्ग्यकारिताका कोणबाट तिखो आलोचना गरेका छन् । उनका कथाहरूमा मूलतः राजनीतिक, सामाजिक र सांस्कृतिक क्षेत्रका कमजोरीमाथि

गम्भीर रूपमा आलोचना गरिएको पाइन्छ । *पारदर्शी मान्छे* कथा कृतिका अधिकांश कथाहरूमा यिनै विसङ्गतिमाथि व्यङ्ग्यात्मक चेतना प्रकट गरिएको छ ।

## निष्कर्ष

कथाकार मनु ब्राजाकीको समग्र कथाकारिता व्यङ्ग्यकार चेतनाको व्यक्तित्व हो । जीवन र जगत्मा देखिएका बेथितिप्रति आलोचनात्मक कोणबाट व्यङ्ग्य गर्नु उनको कथाकारिताको एक वैशिष्ट्य नै रहेको छ । उनी व्यङ्ग्य चेतना प्रकट गर्ने चर्चित नेपाली कथाकार हुन् । कथाकार मनु ब्राजाकी हास्यव्यङ्ग्य शैलीका स्थापित कथाकार हुन् । उनको विवेच्य *पारदर्शी मान्छे* कथा कृतिमा मूलतः हास्यव्यङ्ग्यका माध्यमबाट नेपालको राजनीति, समाज र संस्कृतिका क्षेत्रमा देखापरेका विसङ्गतिमाथि व्यङ्ग्यात्मक चेतना प्रकट गरिएको छ । सामाजिक सम्बन्धमा विचलन आएको, सामाजिक सद्भाव विघटन हुँदै गएको, भाइचारा र सामूहिक संवेदनाको स्थान कमजोर हुँदै गएको, छलछाम, व्यक्तिकेन्द्री स्वार्थीपनको समाज बन्दै गएको जस्ता सामाजिक विसङ्गतिप्रति मनु ब्राजाकीले व्यङ्ग्यात्मक शैलीबाट आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरेका छन् । त्यसै गरी उनको विवेच्य कृति *पारदर्शी मान्छे* सङ्ग्रहमा राजनीतिक क्षेत्रमा देखिएका स्वार्थ, अवसरवाद, भ्रष्टाचार, नातावाद, अनुकूल व्याख्या, प्रवचन राम्रो तर काम नगन्य रहने जस्ता विसङ्गतिप्रति व्यङ्ग्यात्मक विद्रोह गरी आलोचनात्मक चेतना प्रकट भएको छ । त्यसै गरी उनको यो विवेच्य कृतिमा सांस्कृतिक विकृति विसङ्गतिमाथि तीव्र व्यङ्ग्य चेतना प्रकट गर्दै हाम्रो भाषा, प्रेम सम्बन्ध, सांस्कृतिक मूल्य र मान्यतामा आएको ह्रासको उद्घाटन गरिएको छ । यसरी कथाकार मनु ब्राजाकीले *पारदर्शी मान्छे* कथा सङ्ग्रहमा विशेषतः राजनीतिक, सामाजिक र सांस्कृतिक विसङ्गतिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त गरेका छन् ।

## सन्दर्भ सूची

अधिकारी, इन्द्रविलास (२०६१). *पश्चिमी साहित्य सिद्धान्त.* साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५५). *पूर्वीय साहित्य सिद्धान्त.* साझा प्रकाशन ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

ब्राजाकी, मनु (२०६०). *पारदर्शी मान्छे.* साझा प्रकाशन ।

राई, सुकराज (अज्ञात). *आधुनिक नेपाली निबन्धमा हास्यव्यङ्ग्य.* राजेन्द्र विष्ट ।

लिडटोट, सेलिया (सन् २०१६). सुपेरियोरिटी इन ह्युमेन थ्योरी. *विल्ली.* दि जर्नल अफ एस्थेटिक्स एन्ड आर्ट. (७४/४) न्युओर्क : दि अमेरिकन सोसाइटी फर एस्थेटिक्स स्टेबल. पृ.३४७- ३५८ ।

श्रेष्ठ, दयारम र मोहनराज शर्मा (२०५६). *नेपाली साहित्यको संक्षिप्त इतिहास.* साझा प्रकाशन ।

सिलवाल, हरिप्रसाद (२०७९).संस्मरणको ऐनामा मनु ब्राजाकी. *मनु ब्राजाकीको श्यामकहानी.* (सम्पा.). अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज.पृ.(घ-त) ।

शर्मा, सोमनाथ (२०५८). *साहित्य प्रदीप.* विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०५८). *स्रष्टा-सृष्टि : द्रष्टा -दृष्टि.* साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५७). *स्नातकोत्तर नेपाली निबन्ध.* (सम्पा.). साझा प्रकाशन ।